# १३ अय्यूबको चरित्र

<u>*यस अध्यायका मूल पदहरू:*</u> अय्यूब १:१,८, अय्यूब २९:८-१७, अय्यूब ३१:१-२३, प्रस्थान २०:१७, मत्ती ७:२२-२७, मत्ती ५:१६ र एफिसी ३:१०।

<u>*यस अध्यायको कण्ठ गर्नुपर्ने मूल पद:*</u> **"२२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्रधर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो," र उनी परमेश्वरका मित्र कहलिए।" (याकूब २:२२ रूपान्तरित)।**

अय्यूबको पुस्तकमा सबै मूल विषयबस्तुहरू हामीले अध्ययन गऱ्यौं। तर अर्को महत्त्वपूर्ण विषयलाई हामी बिर्सनुहुन्नः त्यो हो अय्यूब आफै। **होइन,** त्यो मानिस को हो जसमाथि परमेश्वरले यस्तो विश्वास गर्नुभयो कि उनको निष्ठालाई लिएर उहाँले शैतानलाई चुनौति दिनुभएको थियो? त्यो मानिस को थियो जसले उनमाथि आतङ्कित पार्ने बिपत्तीहरू आइपर्दा त्यो किन आयो भनेर थाहा पाउन सकेको थिएन? उनलाई यकिन थियो कि उनमाथि जे आइलागेको थियो सो न्यायोचित थिएन। उनले त्यसमाथि क्रोध र बिचल्ली प्रकट गरेका थिए। तर उनमाथि जे जाइलागेतापनि उनी अन्तसम्म परमेश्वरप्रतिको निष्ठामा अडिग भएर बसे।

अय्यूब एक अध्यायपछि अय्यूबमाथि आइपरेका भयानक बिपत्ति वा अनुभवहरूले उक्त पुस्तक भरिएको छ। तर उनको आत्मकथाले उनको पहिलाको जीवन कस्तो थियो भनेर केही हदसम्म बुझ्न सकिन्छ। जब हामीले अय्युबका बिगत जीवन र उनको स्वभावको बारेमा सिक्दछौं तब उनी परमेश्वरमा कसरी कर्तव्यनिष्ठ वा विश्वासमा चट्टान जस्तो अडिग भएर बस्न सफल भयो भनेर हामीले राम्रोसँग बुझ्न सक्दछौं। शैतानले उनमाथि भारि बिपत्ति ल्याएको थियो। अय्यूबले परमेश्वरप्रति गद्दारी गरोस् भनेर शैतानले उनीमाथि सबै रणनितिहरू अपनाएको थियो। तर ती सबै भयाभव परिस्थितिको बावजुद पनि अय्यूबको हृदयमा परमेश्वरको ज्योति चम्काइरहेका **थिए।**

**अय्यूब कस्तो खालका मानिस थिए होला? उनले कस्तो जीवन बिताए जसलाई सिकेर हामी पनि उनी जस्तै निष्ठावान जीवन बिताउन सकौं ताकि हामीहरू सारा जगतको सामु परमेश्वरका विश्वासी भक्तहरू भनेर चिनाउन सकौं?**

## १. उज देशका मानिस (अय्यूब १:१,८)

अय्यूब कस्तो खालको चरित्र भएको व्यक्ति थिए भनेर देहायका पदहरूले कसरी देखाउँछ? हेर्नुहोस्: अय्यूब १:१ "ऊज देशमा अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे।" र अय्यूब १:८ "तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तिमीले मेरो भक्त अय्यूबलाई याद गऱ्यौ परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन? (रूपान्तरित)।

अय्यूबका चारै जना साथीहरूले उनलाई सान्त्वना दिने नाउँमा आफूहरूले अनुमान गरेको अनुसार उनका दोषहरू केलाउँदै उनको गलत वा दुष्ट जीवनले गर्दा उनी दुःखमा परेका थिए भनेर उनीमाथि आरोप लगाएका थिए। तर तिनीहरूको आरोपमा कुनै सत्यता थिएन। परमेश्वरप्रति निष्ठावान भएकोले, उनी असल र अरूको भलो चिताउने भएकोले र खराब तत्वहरूबाट परै बस्न रुचाएकोले शैतान उनीदेखि डाहा गरेका थिए जसको फलस्वरूप उनी शैतानको विशेष आक्रमणको निशाना बन्न पुग्यो।

अय्यूब कस्तो असल र परमेश्वरमाथि निष्ठावान वा विश्वासमा अडिग भएर बस्ने व्यक्ति थिए? प्रथम् त उनी निर्दोष र सोझो व्यक्ति थिए। अङ्ग्रेजीमा उनी परफेक्ट (perfect) भनेर कहलाइएको छ अर्थात् त्यसको अर्थ सिद्ध हव। परमेश्वरको अपेक्षा अनुसार जिउने र स्वर्गको तहमा बढ्ने मानिस सिद्ध हुन् भन्ने परमेश्वरको सोचाई हो। हिब्रू भाषामा सिद्धलाई टाम tam भनेर सम्बोधन गरिन्छ जुन् ग्रीक भाषाको बराबरी शब्द टेलिलियोस् teleios हो जुन् नयाँ करारमा प्रायजसो त्यसलाई सिद्ध भनेर नै अनुवाद गरिन्छ। तर असली रूपमा त्यसलाई अनुवाद गरिने हो भने सिद्धको अर्थ पूरा हुर्केको वा परिपक्व भन्ने जनाउँछ (*द एसडिए कमेन्टरी,* ठेली ३, पृ. ४९९)। तर अय्यूबको पछिका अनुभवहरूलाई हेरियो भने उनको चरित्रमा परिपक्वता भएको थिएन भनेर देखाउँछ। उनी परमेश्वरमा निष्ठावान, सोझो, निर्दोष र

धर्मी थिए तर यथार्थमा उनी स्वस्थ आत्मिक, शारिरिक र आत्मिक आयाम वा चरित्रमा अझ बढ्दै थिए।

दोस्रोमा उनको चरित्रलाई व्याख्या गर्न उनी सोझो थिए भनेर उल्लेख गरिएको छ। त्यसको अर्थ उनी "न्यायी", "जे ठिक छ त्यही गर्ने", "उच्च आदर्शको तहमा रहने" र "शिर नझुकाई सिधा भएर हिंड्ने" भन्ने जनाउँछ। अर्थात् उनी आफू रहेको देशमा असल नागरिक भएर बसेका थिए भन्ने जनाउन सक्छ।

तेस्रोमा उनी परमेश्वरको भय मान्थे वा उहाँमाथि श्रद्धा राख्थे भनेर उल्लेख गरिएको छ। पुरानो करारमा परमेश्वरको भय मान्नुको अर्थ उहाँमाथी विश्वास गरेर विश्वासको जीवन बिताउने इस्राएलीहरूको स्वभावलाई व्याख्या गर्न जनाउँछ। तर इस्राएलको परमेश्वरलाई बिश्वास गरेर उहाँको इमान्दारसाथ सेवा गर्ने अन्य जाति वा अयूदीहरूको गुणलाई व्याख्या गर्न पनि "परमेश्वरको भय मान्ने" भन्ने शब्द प्रयोग गरिन्छ (प्रेरित १०:२,२२)।

अन्तमा उनी दुष्टता वा खराबबाट परै बस्ने भनेर अय्यूबको स्वभावको सराहना गरिएको छ। उनको असल चरित्रलाई परमेश्वर आफैले सहमति जनाएर शैतानलाई चुनौति दिनुभएको थियो, "के मेरो भक्त अय्यूबको बारेमा तिमीले सोचेका छौ? पृथ्वीमा उनी जस्तो मानिस अरू कोही पनि छैन। उनी इमान्दारी छन्। जुन् ठिक छ त्यही गर्छन्। उनले ममाथि श्रद्धा राख्छन् र खराब काम गर्नबाट उनी परै बस्छन्" (अय्यूब १:८ रूपान्तरित)।

निचोडमा भन्ने हो भने अय्यूब परमेश्वरको जन थिए जसले आफ्नो जीवनबाट उनी कस्ता थिए भनेर देखाएको थियो। यदि ख्रीष्टमा सत्यरूपमा हिंड्छौं भने हामी पनि कस्तो मानिस छौं भनेर स्वर्गदूतहरू र मानिसहरूको बीचमा साक्षी भएर बस्न सक्छौं।

**यदि अय्यूबको पुस्तक तपाईंको बारेमा लेखिएको हो भने, तपाईंको चरित्रलाई व्याख्या कसरी व्याख्या गरिन्छ होला? "‘ देशमा एक जना ---थिए जो --र----परमेश्वरको----र----बाट परै बस्दथे।" भनेर तपाईको गुण गाउन सकिन्छ होला?**

## २. मिठो क्रिमको जस्तो बाटो अपनाउनु (अय्यूब २९:८-१७)

आफूमाथि भयानक बिपत्ति किन आइपऱ्यो भनेर बुझ्न अत्यन्त कोशिस गर्छन्। उनले आफ्नो बिगतको जीवनको बारेमा सोच्दछन् र आफ्नो

शक्तिले भ्यायसम्म असलै जीवन बिताएको थिए भनेर निश्चित हुन्छन्। बिगतको जीवनलाई सम्झन्दै अय्यूबले भनेका थिए, "जब मेरो बाटोमा दूध बहन्थ्यो, र चट्टानहरूबाट जैतूनको तेल बग्थ्यो" (अय्यूब २९:६ रूपान्तरित)।

उदाहरणमा परमेश्वरसँग आफ्नो आत्मियता जोड्दै उनले भनेका थिए, "“बितेका महिनाहरूको म कत्ति चाहना गर्दछु, जुन समयमा परमेश्वर मेरो हेरचाह गर्नुहुन्थ्यो!" (अय्यूब २९:२)। हिब्रू भाषामा "मलाई हेरचाह गर्नुहुन्छ वा ममाथि दृष्टि राख्नुहुन्छ" भन्ने शब्द आफ्ना जनहरूलाई परमेश्वरले हेरचाह कसरी गर्नुहुन्छ भनेर जनाउन पुरानो करारभरि प्रयोग गरिएको साधारण शब्द हो (उदाहरणमा भजन ९१:११, गन्ती ६:२४)। निःसन्देह, अय्यूबले अत्यन्त खुशी र सुखी जीवन बिताएका थिए। आफ्नो जीवन सफल र संतुष्ट भएको पनि उनले सम्झेको कुरालाई महत्त्वपूर्ण नै मान्नुपर्छ।

अय्यूब २९:८-१७मा हेर्नुहोस्। अरू मानिसहरूले उनको मूल्याङ्कन कसरी गर्छन् भनेर ती पदहरूले कसरी जनाउँछन्? त्यही दुःख भोगिरहेकाहरूलाई उनको व्यवहार कस्तो थियो भनेर ती पदहरूले नै कसरी बुझाउँछन्? हेर्नुहोस्, "८ जवान मानिसहरू मलाई देखेर बाटो छोड़िदिन्थे, र वृद्ध मानिसहरू खड़ा हुन्थे। ९ अधिकारी वर्गको मुखै बन्द हुन्थ्यो, र आफ्नो मुख हातले छोप्थे। १० भारदारहरूको बोली नै बन्द हुन्थ्यो, तिनीहरूको जिब्रो तालुमा टाँसिन्थ्यो। ११ “मैले बोलेको सुन्नेहरूले मेरो गुणगान गर्थे, र मलाई देख्नेहरू मेरै योग्यताको साक्षी दिन्थे। १२ किनभने सहायताको लागि पुकारा गर्दा गरीब मानिसहरूलाई, र रक्षाहीन पितृहीनहरूलाई मैले बचाएँ। १३ मर्न लागेको मानिसले मलाई आशीर्वाद दिन्थ्यो, र मैले विधवाको मन आनन्दले गाउने पारिदिन्थें। १४ धार्मिकतालाई मैले आफ्नो लुगाजस्तै लगाएँ, इन्साफलाई मैले मेरो पोशाक र फेटाझैं लगाएँ। १५ अन्धाको लागि म आँखा भएँ, र लङ्गड़ाको निम्ति खुट्टा। १६ दरिद्रको लागि म बाबुझैं थिएँ, र विदेशीको पक्षमा म मुद्दामा खड़ा हुन्थें। १७ अधर्मीको शक्तिलाई मैले नाश गरें, र त्यसको मुखबाट मैले शिकार खोसें।"

**अय्यूब सबैको आदरणीय व्यक्ति थिए भनेर उपरोक्त पदहरूबाट हामीलाई देखाएको छ। "चोकमा वा चौतारीमा बस्न" (अय्यूब २९:७ रूपान्तरित) भन्ने शब्दले स्थानीय सरकार वा पञ्च भेलालाई जनाउँछ। गाउँघरका मानिसहरू भेला भएर मुद्दामामिला हेर्ने पङ्क्तिमा अय्यूबले पनि महत्त्वपूर्ण स्थान पाएका थिए। त्यस खालको स्थान प्रायजसो समाजका बरिष्ठ र**

जेष्ठ नागरिकलाई दिइन्थ्यो। त्यसलाई मध्यनजरमा राख्दा अय्यूबले समाजमा अत्यन्त सम्माननीय स्थान ओगटेका थिए।

तर ठूलाहरूले मात्र होइन समाजका निम्न वर्गले पनि उनलाई माया गर्थे र सम्मान गर्थे। अय्यूबले जस्तो आशिष नपाएकाहरू गरिब वा विपन्न वर्ग, निमुखा, मर्न लागेका, अन्धा, बिधवी, टुहुरा र लङ्गडाहरूले पनि उनले गर्दा आशिष पाएका थिए। ती मानिसहरूलाई नै अय्यूबले सहायता गर्थे र उनीहरूको मन हलुको पारिदिन्थे।

"बाइबलमा अय्यूबको जीवनलाई चित्रण गरेर सफल मानिस को हो भनेर परमेश्वरले बताउनुभएको थियो। सही अर्थमा भन्ने हो भने अय्यूबको जीवन सफल जीवन थियो। स्वर्ग र पृथ्वीले सम्मान गर्न रमाइलो मान्ने व्यक्ति अय्यूब नै थियो।"-एलेन जी ह्वाइट, *एडुकेशन,* पृ. १४२बाट रूपान्तरित।

माथिका पदहरू र अरू पदहरूले अय्यूब प्रत्येक कुराहरूमा किन सफलता हासिल गरेको व्यक्ति थिए भनेर हामीलाई देखाउँछ। दुवै परमेश्वर र मानिसहरूले उनको बारेमा अत्यन्त आदरणीय धारणा राखेका थिए।

यस संसारमा आदरणीय धनी, शक्तिशाली र प्रख्यात व्यक्तिलाई सम्मान गर्न र दयालु हुन सजिलो छ। तर तपाईंलाई केही दिन नसक्नेलाई तपाईंले कस्तो व्यवहार गर्नुहुन्छ?

## ३. दिल र आँखाहरू (अय्यूब ३१:१-२३)

तल दिएको पदलाई झट्ट हेरियो भने अय्यूबले घमण्ड वा फूर्ती लगाएको जस्तो देखिन्छ। उनी कस्तो असल र धर्मात्मा वा पवित्र छु भनेर फूर्ती गरेर देखाएको ठानिन्छ। यस्तो खालको मनस्थिति मानिसमा भएको बाइबलले मनपराउँदैन (मत्ती २३)। तर अय्यूबको मामिलामा त्यो भएको थिएन। फेरि अय्यूबको कथाको विषयबस्तु सम्झनु जरुरी छः अय्यूबका साथीहरूले उनी खराब भएकै कारणले उनमाथि बिपत्ती आइपरेको भनेर दोषारोपण गरेका थिए। तर यो कुरा हुँदै होइन र उनले त्यस्तो कुनै खराब काम गरेको छैन जसले गर्दा आफूमाथि बिपत्ती आउन  आवश्यकता नै थिएन भने र उनलाई यकिन थियो। त्यसकारण आफूले कस्तो खालको जीवन बिताएका थिए र आफू कस्तो खालको मिजासको मानिस थिए भनेर आत्ममूल्याङ्कन उनले गर्दछन्।

आफूमाथि बिपत्ती थोपर्नुभन्दा पहिले आफ्नो जीवन कसरी बिताएको भनेर अय्यूबले अय्यूब ३१:१-२३मा बताउँछन्। आफ्नो बारेमा त्यो भन्दा अरू पनि भनेको के तपाईंलाई याद छ? हेर्नुहोस्ः "१ “कुनै स्त्रीलाई कुदृष्टिले नहेर्ने मैले मेरा आँखासित वाचा बाँधे। २ मानिसको निम्ति परमेश्वरले स्वर्गबाट ठहराउनुभएको भाग कुनचाहिँ हो उँभोबाट सर्वशक्तिमान्ले दिनुभएको सम्पत्ति ३ के दुराचारीको लागि नाश, खराबी गर्नेहरूको लागि विपत्ति होइन र ४ के परमेश्वर आफैले मेरा चाल देख्नुहुन्न र मेरो हरेक पाइला गन्नुहुन्न र ५“यदि म झूटा कुरामा हिँड़को छु, अथवा मेरा पाउ छलको पछि हिँड़का भए, ६ न्यायको तराजूमा परमेश्वरले मलाई तौलून्, र उहाँले जान्नुहुनेछ कि म निर्दोष छु। ७ यदि मेरो पाइला सोझो बाटोदेखि तर्किएको छ भने, यदि मेरो मनले आँखाको इच्छाअनुसार गरेको छ भने, अथवा मेरो हातमा मैला टाँसिएको छ भने, ८ मैले रोपेको अन्न अर्काले खाओस्, र मेरा बाली जरैसमेत उखेलिऊन्! ९ “यदि मेरो हृदय कुनै स्त्रीले मोहित पारेको रहेछ भने, अथवा मेरा छिमेकीहरूको ढोकामा म ढुकिबसेको छु भने, १० मेरी पत्नी अर्को मानिसको कमारी भइजाओस्, र अरू मानिसहरूले त्यससित सम्भोग गरून्। ११ किनभने त्यो ता दुष्ट कर्म हो, न्याय गरिने एउटा अपराध हो। १२त्यो ता भस्म गर्ने र नाश गर्ने आगो हुनेछ, चारैतिर मेरो बालीलाई खाने भयङ्कर आगो। १३ “यदि मैले मेरो दास वा दासीलाई इन्साफ इन्कार गरेको भए, तिनीहरूले मकहाँ आफ्नो उजूर ल्याउँदा मैले त्यो इन्कार गरेको छु भने, १४ परमेश्वरले मेरो सामना गर्नुहुँदा म के गरुँला उहाँले लेखा लिनुहुँदा मैले के जवाफ दिने १५ गर्भमा मलाई रच्नुहुनेले तिनीहरूलाई पनि रच्नुभएको होइन र के एउटै परमेश्वरले हामीलाई गर्भमा सृष्टि गर्नुभएको होइन र १६ यदि गरीबहरूलाई तिनीहरूले चाहेका कुरा इन्कार गरेको छु भने, अथवा विधवाको आँखा आँसुले धमिल्याइदिएको छु भने, १७ यदि मैले मेरो गाँस एकलै खाएको छु भने, र टुहुरा-टुहुरीसित त्यो बाँड़को छैन भने– १८ तर मैले त टुहुरो केटालाई त्यसको बाबुलेजस्तै पालनपोषण गरें। र मैले आफू जन्मेको दिनदेखि नै विधवालाई डोऱ्याएँ। १९ यदि मैले कसैलाई लुगाफाटाको अभावले नष्ट भएको, अथवा कुनै गरीब मानिसलाई ओढ्ने नभएको देखेको छु भने, २० र मेरो भेड़ाको ऊनले त्यसलाई न्यानो पार्न नदिएको कारण, त्यसले मलाई हृदयसमेतले प्रशंसा गरेको छैन भने, २१ मानिसहरूले अदालतमा मेरो प्रभाव छ भनी जानेर पनि, यदि मैले मेरो हात टुहुरा-टुहुरीहरूमाथि उठाएको छु भने,

२२ मेरो पाता काँधबाट खुस्कोस्, मेरो पाखुरा जोर्नीबाट खुस्कोस्! २३ तर परमेश्वरको त्रास ममाथि साह्रै नै परेको थियो, अनि उहाँको महामहिमाको डरले गर्दा मैले यी सबै कुरा गर्न सकिनँ।"

अय्यूबले आफ्नो बाहिरको आचरणको बारेमा मात्र बोलिरहेको छैन। "यदि मेरो मन मेरो आँखाको इच्छाले चलेको भए" (अय्यूब ३१:७ रूपान्तरित) भन्ने पदले पवित्रताको अर्थ, ठिक र बेठिक के हो र परमेश्वरको निति वा व्यवस्थाको बारेमा गहिरो जानकारी थियो भनेर देखाउँछ। हामीहरूको दिल, हामीहरूको सोचबिचार र हामीहरूको आचरणमा परमेश्वरले गहिरो चासो राख्नुहुन्छ भनेर अय्यूबलाई स्पष्ट रूपमा थाहा थियो (१ शमूएल १६:७, प्रस्थान २०:१७ र मत्ती ५:२८ आदि)। कुनै स्त्रीको पछि कामबासनाको आँखाले हेर्नु गलत छ त्यो त उनीसँग व्यभिचार गर्नु जस्तै हो भनेर अय्यूबलाई थाहा थियो। (परमेश्वरले इस्राएलीहरूलाई आफ्ना करारका जनहरू भनेर चुन्नुभन्दा धेरै वर्ष अघि मानिसहरूबाट उहाँले कस्तो आचरण अपनाएको अपेक्षा गर्नु हुन्छ र मानिसहरूको उहाँको साक्षी बनेर देखाउन् भन्ने प्रभावकारी प्रमाण त्यो भन्दा अरू के होला?)

अय्यूबले अय्यूब ३१:१३-१५मा के भन्दछन्? उनले व्यक्त गरेका ती भावनाहरू किन महत्त्वपूर्ण छ? हेर्नुहोस् "१३ "यदि मैले मेरो दास वा दासीलाई इन्साफ इन्कार गरेको भए, तिनीहरूले मकहाँ आफ्नो उजूर ल्याउँदा मैले त्यो इन्कार गरेको छु भने, १४ परमेश्वरले मेरो सामना गर्नुहुँदा म के गरुँला? उहाँले लेखा लिनुहुँदा मैले के जवाफ दिने १५ गर्भमा मलाई रच्नुहुनेले तिनीहरूलाई पनि रच्नुभएको होइन र के एउटै परमेश्वरले हामीलाई गर्भमा सृष्टि गर्नुभएको होइन र?

**सबै मानिसहरू बराबर छन् भन्ने मानव समानताको बारेमा अय्यूबमा राम्रोसँग जनाकारी थियो भन्ने अचम्मको ज्ञान थियो। जगतव्यापी अधिकारहरू तथा मानव अधिकार र जगतव्यापी सबैलाई लागु हुने निति वा व्यवस्थालाई बाइबलको समयमा मानिसहरूले बुझेका थिएनन्। विभिन्न समूह वा जातजातिका मानिसहरूले अरूहरू भन्दा आफूहरू ठूलो र असल भनेर दावी गर्दथे। तर मानव अधिकारहरूको बारेमा अय्यूबलाई कतिको थाहा थियो र ती अधिकारहरू हामीहरूलाई सृष्टि गर्नुहुने परमेश्वरबाट नै आएका हुन् भनेर अय्यूबले यहाँ देखाएको पाइन्छ। साँच्चिकै भन्दा अय्यूब उनको समय र हामीहरूको समयभन्दा कतिकुराहरूमा निकै प्रगतिशील मानिस थिए।**

## ४. चट्टानमा घर (अय्यूब ३१:२४-३४)

अय्यूबको बारेमा अरू के कुराहरू सिक्न सक्छौं? हेर्नुहोस्: अय्यूब ३१:२४-३४ "२४ “यदि मैले सुनमा मेरो भरोसा राखेको भए, वा "तँ मेरो सुरक्षा होस्" भनी निखुर सुनलाई यो भनेको छु भने, २५ यदि मैले मेरो धन-सम्पत्तिमा र सम्पत्तिको बढ्तीमा रमाहट गरेको भए, २६ यदि मैले सूर्यको प्रतापलाई, अथवा चन्द्रमाको सम्पूर्ण सौन्दर्यलाई हेरेर, २७ मेरो हृदयलाई गुप्तमा बहकाएको भए र तिनलाई पूज्न मेरा हात उठाएको भए, २८ ती ता इन्साफ गरिने योग्यका पाप हुनेथिए, किनभने स्वर्गमा हुनुहुने परमेश्वरको विरुद्धमा म अविश्वासी हुनेथिएँ। २९ “मेरा विरोधीहरूका विनाशलाई देखेर म रमाएको छु भने, अथवा दुःखले त्यसलाई घेर्दा म खुशी भएको छु भने, ३० "त्यो मरिजाओस्" भनी सराप दिएर मैले कहिल्यै पाप गरिनँ। ३१ मेरो निम्ति काम गर्ने सबै मानिसहरूले, यो कहिल्यै नभनेको भए, “अय्यूबको भोजबाट को तृप्त भएको छैन र ३२ तर परदेशीहरूलाई राती सड़कहरूमा सुत्न परेको छैन, किनकि यात्रुको लागि मेरो घर सधैं खुल्ला थियो। ३३ अरू मानिसहरूले आफ्ना पाप लुकाउन चेष्टा गरेझैं, मैले मेरो हृदयमा मेरा पाप लुकाएको छु भने, ३४ किनकि भीड़ले के भन्लान् भनी म डराएँ, र कुटुम्बहरूका गिल्लाको डरले, म चूप लागि बसें, घरभित्रै बसिरहें।" (बाँकि अंश "म जे भनिरहेछु कसैले सुनिदिने भए ता, म शपथ खाएर भन्दछु, कि एक-एक कुरा सत्य छ, सर्वशक्तिमान् परमेश्वरले जवाफ देऊन्! मेरा विरोधीहरूले मेरो विरुद्धमा ल्याएका दोषहरू लेखिदिऊन्। ३६ म ती मेरो गलामा पहिरिनेथिएँ, मुकुट झैं पहिरने थिएँ। ३७ मैले गरेका सबै काम म उनलाई बताउनेथिएँ, म उनको सामुन्ने राजकुमारझैं जानेथिएँ। ३८ “यदि मेरो खेत मेरो विरुद्ध कराएको भए, र त्यसका ड्याङहरूमा आँसुले भिजेको भए, ३९ उमार्नेहरूलाई भोकै राखेर मैले खाएको भए, किसानहरूका आत्मा रुवाएको भए, ४० जौको सट्टामा झार र गहूँको सट्टामा लुहुढ़े-काँढ़ा उम्रून्।"

अय्यूबको आफ्नो स्वभाव र चरित्रलाई जनसमक्ष ल्याएको कुरालाई ख्याल गर्दा परमेश्वरले उनको तारिफ गर्नुहुँदा हामी अचम्म मान्नु पर्दैन। अय्यूब आफ्नो बिश्वास अनुसारको चालमा हिंडेका थिए भन्ने स्पष्ट छ। परमेश्वरसँगको सम्बन्ध कस्तो असल र सुमधुर थियो भनेर अय्यूबको क्रियाकलापले देखाउँछ। परमेश्वरमाथि विश्वास गर्दागर्दै पनि आफूमाथि आएको बिपत्तीको बारेमा झन तितो गुनासो उनले पोखाउँछन्: *यी सबैकुरा*

*ममाथि किन बज्रपात भयो?* उनको आफ्नो सफाइले उनका साथीहरूले उनमाथि लगाएको आरोपहरू सस्तो खालको र बेकारको थियो।

अय्यूबको विश्वासी र आज्ञाकारी जीवनबाट हामीले अझ गहिरो र महत्त्वपूर्ण सन्देश हामी पाउन सक्छौं। आफूमाथि पछि भयानक बिपत्ती भोग्नुसँग बिगतको जीवन कतिको नजिक गाँसिएको हुनसक्छ भन्ने उनको स्वीकारयोक्तिलाई पन्छाउनुहुन्न। तर आफूले केही दुष्कर्म नगरेको पक्का भएकै कारणले उनको श्रीमतीले भनेको, "परमेश्वरलाई श्राप र मर वा आत्महत्या गर" (अय्यूब २:९ रूपान्तरित) सुन्न ठाडो अस्वीकार गरेका थिए। धेरै वर्ष परमेश्वरप्रति निष्ठावान र उहाँका आज्ञाहरूलाई शिरोपर गरेर हिँडेकोले नै उनमाथि बिपत्ति आएको आएको थियो। उनको विगतको जीवन र तत्कालै भोग्नुपरेको शैतानको सतावटले उनमाथि जे आइलागेपनि उनलाई त्यस्तो चरित्र र विश्वास दिइयो जसले गर्दा परमेश्वरमाथि भरोसा राख्न उनी सक्षम् हुनपुगे।

मत्ती ७:२१-२७ पढ्नुहोस्। अय्यूब परमेश्वरप्रति निष्ठावान भएर बस्न सकेको कारण के रहेछ भनेर उपरोक्त पदहरूले कसरी देखाउँछ? हेर्नुहोस्: "२१ “मलाई "प्रभु, प्रभु" भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ। २२ त्यो दिन धेरैले मलाई भन्नेछन्, "प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं। र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र?" २३ अनि म तिनीहरूलाई सफासँग भन्नेछु, "मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ।" २४ “यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। २५ अनि पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। २६ जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। २७ पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो।"

साना साना कुराहरूमा बिजय पाएकोले नै ठूलो कुराहरूमा निर्णायक रूपमा जित्न सकेको अय्यूबको रहस्य थियो (लूका १६:१०)। परमेश्वरमाथि

बलियो विश्वास तथा आस्था भएकोले नै कसैसँग सम्झौता गर्न उनले मानेका थिएनन्। विश्वास र काम कसरी सँगसँगै जान्छ भनेर याकूबले भनेको कुरा अय्यूबमा पाउँछौंः "२० अबूझ हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र? २२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्र धर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो," र उनी परमेश्वरका मित्र कहलिए। २४ तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन। २५ त्यसै गरी राहाब वेश्याले पनि, जब तिनले गुप्तचरहरूलाई सत्कार गरेर अर्कै बाटो पठाइदिइन्, तब कामहरूबाट तिनी धर्मी ठहरिएकी होइनन् र? २६ जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ।" (याकूब २:२०-२६)।

उपरोक्त पदहरूमा प्रत्येक इसाईले अपनाउनुपर्ने निति तेर्स्याइएको छ। त्यो निति अपनाएर अय्यूब जिएका थिए भनेर अत्यन्त प्रभावकारी रूपमा देखाएको हामी पाउँछौं। अय्यूब पनि हामी जस्तै हाड र छालाले बनेका मानिस थिए। तर परमेश्वरको अनुग्रह र आफ्नै स्वस्छ तथा निष्ठावान निर्णयको कारण अय्यूबले परमेश्वरको आज्ञाकारी भक्तको जीवन बिताउन सफल भएका थिए।

**अय्यूबको जस्तो परमेश्वरप्रति बफादारी र भक्तिपूर्ण जीवन बिताउन तपाईंले अरू के के निर्णयहरू गर्नुपर्छ?**

## ५. परमेश्वरको महान् बुद्धिमता (मत्ति ५:१६)

**अय्यूबको पुस्तकको सुरू सुरूमा अय्युब र उनका साथीहरूको बीचमा भारि तर्क र बितर्क चलेको हामीले हेऱ्यौं। तिनीहरूमा टिमान भन्ने क्षेत्रको साथी इलिपजले अय्यूबलाई यो हृदय छेड्ने आरोप लगाएका थिएः "अय्यूब, यदि तपाईं धर्मी तथा ठिक हुनुहुन्थ्यो ता तिमीलाई दुःख दिन के परमशक्तिमान परमेश्वरलाई रमाइलो हुन्छ र? ल ल तपाईंले दावी गरेको अनुसार तपाईं सिद्ध रूपमा इमान्दार हुनुहुन्छ रे, तर त्यसबाट परमेश्वरले के लाभ हुन्छ र?" (अय्यूब २२:३ रूपान्तरित)। मानव बुद्धिमा त्यो प्रश्न अत्यन्त जटिल र**

**अलमलमा पार्ने प्रश्न हो। तर स्वर्गको पर्दा पछाडि के भइरहेको छ त्यस दृष्यलाई मध्य नजरमा राख्दा र त्यस प्रश्नको जवाफ जुन ढङ्गले हेरिन्छ त्यसले सकारात्मक आभास् भएको हामीले पाउँछौं। अय्यूब धर्मी र सतमार्गमा हिँड्दा परमेश्वरलाई आनन्द लाग्छ वा रमाइलो लाग्छ। यदि अय्यूबले निर्दोषी जीवन बिताउन सक्यो भने परमेश्वरलाई फाइदा नै हुन्छ। यो तथ्य सत्य सावित हुन्छ केवल अय्यूबले गर्दामात्र होइन, परमेश्वरलाई बिश्वास गर्छु र प्रभुलाई माया गर्छु भनेर दावी गरेर उहाँको पछि लाग्ने प्रत्येक जनले निर्दोष जीवन बिताउँछ।**

इलिपजले अय्यूबलाई हानेको प्रश्नको जवाफ मत्ती ५:१४-१६ले कसरी बुझाउन खोजिएको छ? हेर्नुहोस्ः "१४ "तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। १५ मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। १६ यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।"

अय्यूबको पुस्तकको महत्त्वपूर्ण बिषय बस्तु त यो हो, के अय्यूब परमेश्वरप्रतिको निष्ठा र विश्वासमा अटल भएर बस्छन् र? अहँ, अय्युबको विश्वास भत्किन्छ भनेर शैतानले दावी गरेको थियो। तर त्यसको प्रतिवादमा परमेश्वरले भन्नुभएको थियो कि अय्यूबको विश्वासलाई कसैले पनि हल्लाउन सक्दैन। शैतानसँगको युद्धमा यदि अय्यूबले परमेश्वरमाथि आफ्नो विश्वासलाई नडगमगाइ राखियो भने परमेश्वरको जित हुन्छ र उहाँको असली चरित्रलाई सारा जगतले हेर्नपाउनेछ।

तर अय्यूबको कथा ठूलो चित्रको केवल एउटा सानो भागमात्र हो। प्रकाश १४मा उल्लेख गरेको तिन स्वर्गदूतहरूको आह्वानमा पहिलो स्वर्गदूतले भनेका थिए "परमेश्वरको प्रशंसा गर, उहाँको महिमा गर" (प्रकाश १४:७ रूपान्तरित)। प्रभु येशूले मत्ती ५:१६मा स्पष्ट रूपमा भन्नु भएको छ कि हामीहरूको असल कामले परमेश्वरको महिमा गर्छ। परमेश्वरको महिमा ल्याउने काम अय्यूबले गरेका थिए। त्यो काम हाम्रो पनि हुनुपर्छ।

येशूका प्रखर भक्त पावलले एफिसी ३:१०मा उल्लेख गरिएको अनुसार सानै तरिकाले भएतापनि अय्यूबले त्यस नितिलाई पालन गरेर कसरी देखाएका थिए? हेर्नुहोसः "ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न

किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्।"

उपरोक्त पद र अय्यूबको जीवनमा ती उदाहरणहरू देखाइएको छ कि आफ्ना जनहरूका जीवनहरूमा परमेश्वरले काम गरिरहनुभएको छ। आफ्नै स्वरुपमा पुनः सृजना गर्न ताकि उहाँलाई महिमा देओस् भनेर परमेश्वर तिनीहरूलाई परिवर्तन गरिरहनुभएको छ। "परमेश्वरको त्यही स्वरुप मानिसहरूमा पुनः निर्माण हुन र देखाउन आवश्यक छ। उहाँका जनहरूमा भएको सिद्ध चरित्रभित्र परमेश्वरको आदर तथा महिमा, येशूको आदर तथा महिमा समावेश भएको हुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ६७१बाट रूपान्तरित। मानव जीवनमा उक्त निति कसरी देखाउनु आवश्यक छ भनेर देखाउनेमा अय्यूब एक आदर्श वा ज्वलन्त उदाहरण बनिएको छ। अय्यूब धेरै हजार वर्ष अघि जन्मेका थिए। तर इतिहासको प्रत्येक कालमा परमेश्वरका जनहरूले कुनै कुराको परवाह नगरि उहाँको महिमा र आदरको निम्ति त्यस खालका जीवन बिताउन अबसर पाएका थिए र पाइरहेका छन्।

**तपाईंको जीवनमा के छ जसले गर्दा परमेश्वरको महिमा ल्याइरहेको छ? आत्म मूल्याङ्कन गरेर जवाफ दिनुहोस् जसले गर्दा तपाईंको र तपाईंको जीवनले त्यस प्रश्नको जवाफ सही रूपमा दिउन्। यदि तपाईंको जीवन, वचन र कामले परमेश्वरको महिमा गरिरहेको छैन भने तपाईंको जीवनमा के परिवर्तन ल्याउन आवश्यक छ?**

## उपसंहारः

थप जानकारीः प्रोटेस्टेन्ट सुधारवादी आन्दोलनले विश्वासबाट मात्र मुक्ति पाउँछ भन्ने महान् सत्यतालाई नयाँ जीवन दिएको थियो। त्यो सत्य उत्पत्तिको पुस्तकमा प्रथम पल्ट अदनको बगैंचामा नै उल्लेख गरिएको थियो (उत्पत्ति ३:१५)। अनि अब्राहमको जीवनमा त्यस सत्यलाई स्पष्ट रूपमा व्याख्या गरिएको थियो (उत्पत्ति १५:६, रोमी ४:३)। पछि आएर त्यस तथ्यलाई बाइबलको इतिहासमा पावलको उदय नहुञ्जेल झन झन प्रस्ट पारिएको थियो। विश्वासद्वारा मुक्ति पाइन्छ भन्ने सत्यमा जहिले पनि विश्वासीहरूको जीवनमा पवित्र आत्माले काम गर्ने समावेश भएको हुन्छ। अय्यूबको जीवन र चरित्रमा बिश्वासद्वारा धर्मी ठहरिने भन्ने के हो भन्ने महान् आदर्श नमुना हामी पाउँछौं।

बाइबलका विद्वानहरूले त्यस कामलाई शुद्ध जीवन (सान्क्टिफिकेशन sanctification) भनिन्छ जसको अर्थ पवित्रता वा पवित्र अर्थात् निर्दोष जीवन बिताउनु हो। शुद्ध जीवन बिताउनु बाइबलमा यस्तो उच्चस्तरमा उल्लेख गरिएको छ कि त्यो स्तरमा पुग्न अत्यन्त प्रयास गरुन् भनेर येशूका जनहरूलाई आह्वान गरिन्छ। पावलले हिब्रू १२:१४मा भनेका छन् " पवित्र जीवनबिना कोही मानिस परमेश्वरलाई देख्न सक्दैनन्"। त्यस शुद्ध जीवनको मूल अर्थ हो पवित्र कामको निम्ति अलग पारिनु हो। जब परमेश्वरले इस्रायलीहरूसँग आफ्ना जनहरू भनेर करार बाँध्नुभयो तब उहाँले भन्नुभएको थियो, "तिमीहरू पवित्र होउन् किनभने म परमेश्वर तिमीहरूको प्रभु पवित्र छु" (लैव्य १९:२ रूपान्तरित)।

पवित्र हुनु वा शुद्ध हुनु भन्ने आधारभूत धारणा पुरानो र नयाँ करारमा बिभिन्न तरिकाले देखाएको छ। जब हामी परमेश्वरलाई हामीहरूको प्रभु भनेर मान्दछौं तब हामीहरूको जीवनमा उहाँले के गर्नुहुन्छ भनेर प्रस्ट पार्दछ। जब इसाईहरू असल हुन र असलहुन तिर बढ्दछन् तब त्यो शुद्ध जीवन देखिन थालेको हुन्छ। "जब मानव इच्छा वा चाहना पवित्र आत्माको शक्तिसँग मिलोमत्तोमा परिचालन हुन्छ तब नैतिक रूपमा आमूल परिवर्तन ल्याउने पवित्र तथा शुद्ध जीवन बढिरहने अनुभव विश्वासीमा भइरहेको हुन्छ।"- *हान्डबुक अभ एसडिए थियोलोजी,* पृ. २९६बाट रूपान्तरित।वन

धर्मी जीवन, पवित्र जीवन, शुद्ध जीवन् र उचित वा ठिक जीवन केवल परमेश्वरले हामीहरूमा काम गर्न दिइयो भनेमात्र सफल हुन्छ। तर हामीहरूलाई शुद्ध जीवन बिताउन परमेश्वरले बलजफ्ती गर्नुहुन्न। न त हामी परमेश्वरको सामु निर्दोष ठहरिन (जस्टिफिकेशन justification) ठहरिन वा हामीहरूको पापबाट हामी चोखो बन्न परमेश्वरले कर गर्नुहुन्छ। बरू हामीहरूले हामीहरूको जीवन परमेश्वरमा सुम्पन्छौं र त्यही परमेश्वरले हामीलाई पापबाट निर्दोष ठहराउनुहुन्छ, सफा गर्नुहुन्छ वा क्षमा दिनुहुन्छ। अनि हामीमा भएको विश्वासले हामीहरूलाई पवित्र वा सन्त (१ कोरन्थी १:२) बनाउँछन्। परमेश्वरले हामीलाई अय्यूबलाई जस्तो उहाँको स्वरुपमा नबनिन्जेलसम्म परिवर्तन हुने धारमा ल्याइरहनुहुन्छ। तब हामी येशू ख्रीष्टमा परिपक्वता हासिल गर्नेछौं। त्यसकारण पावलले लेख्दछन्: "मेरा प्रिय बालकहरू हो, म तिमीहरूको निम्ति कष्टमा छ। गर्भवती महिलाले सुत्केरिको व्यथाले च्यापेजस्तै म प्रसव बेदनामा छु। त्यो बेदना मेरो जीवनमा

निरन्तररूपमा भइरहनेछ जब सम्म तिमीहरूको जीवनमा येशू ख्रीष्टले उहाँ जस्तो तिमीहरूलाई बनाउनुहुन्न।" (गलाती ४:१९ रूपान्तरित)। अनि एलेन जी ह्वाइट लेख्नुहुन्छः "हामीहरूको आदर्श नमुना ख्रीष्ट हुनुहुन्छ। उहाँ हामीहरूको शिद्ध र पवित्र अनुकरणीय उदाहरण हुनुहुन्छ जसलाई पछ्याउन हामीहरूलाई आह्वान गरिएको छ। हामी उहाँको बराबरीमा कहिलै पनि आउन सक्दैनौं। तर सकेसम्म उहाँको उदाहरणको नक्कल गर्दै उहाँलाई पछ्याउनु पर्छ।"-एलेन जी ह्वाइट, *दात आइ मे नो हीम,* पृ. २६५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **हामीहरूको जीवनमा परमेश्वरले अझ बढि र महान् काम गरून् भनेर हामीहरूले के के निर्णयहरू गर्न सक्छौं? परमेश्वरले मात्र हामीहरूको हृदयलाई परिवर्तन गर्न सक्नुहुन्छ भन्ने तथ्य हामीलाई थाहा छ। तर परमेश्वरसँग हामी सहकार्य गर्नुपर्छ। त्यो सहकार्य कस्तो हुनुपर्छ र कस्तो देखिन्छ?**

आ. **कलस्सी २:६ यसरी पढिन्छः "तिमीहरूले येशू ख्रीष्टलाई आफ्नो प्रभु भनेर स्वीकार गरिसकेका छौ। त्यसकारण तिमीहरू उहाँमा रहिरहो" (रूपान्तरित)। विश्वास र आज्ञाकारि जीवन बिताउनुभइको के हो भनेर पावलले व्यक्त गरेका उक्त शब्दहरूले हामीलाई बुझाउन कसरी सहयोग गर्दछन्?**

इ. **सारा मानिसहरू र स्वर्गदूतहरूको सामु हामीहरूले व्यक्तिगत तवरले मात्र होइन चर्चकै हैशियतले परमेश्वरको महिमा वा उहाँको इज्जतलाई कसरी झल्काइरहने?**